INHURED International has Special Consultative Status with ECOSOC of United Nations.

Rgd. Kath: 467/047/048
Rgd. US: IRC 501 (C)(3)

INHURED

इन्हुरेड इन्टरनेशनल
INHURED INTERNATIONAL
International Institute for Human Rights, Environment and Development
institut international des droits de l'personne, de l'environnement et du developpment
Official Partner
POPULATION WATCH

PopWatch

प्रेस विज्ञप्ति

# अर्जुन पाण्डेलाई अविलम्ब मुक्त गर्न आग्रह

ललितपुर, २०६४ असार ३२ गते ।

सिन्धुली जिल्ला निवासी हाल काठमाडौंस्थित लगन टोलमा डेरा गरी बस्ने २४ वर्षीय रणबहादुर पाण्डे (अर्जुन) लाई आज दिउसो करिब २ बजेतिर ४/५ जनाको अज्ञात समूहले काठमाडौंको रत्नपार्कबाट अपहरण गरी स्थिति अज्ञात पारेको घटनाप्रति इन्हुरेड इन्टरनेशनलको ध्यानाकर्षण भएको छ ।

नेपाल सडक व्यापार संघका सदस्य समेत रहेका निज पाण्डेलाई अपहरण गरेपछि निजको स्थिति पत्ता लगाउन पीडित परिवारद्वारा यस संस्थामा आग्रह गरेपश्चात् मानव अधिकारकर्मीको एक टोली अपहरणस्थल पुगी पीडितका परिवार, आफन्तजन तथा प्रत्यदर्शीसाग घटना सम्बन्धमा प्रत्यक्ष कुराकानी गरेको थियो । उक्त कुराकानीको क्रममा निजलाई माओवादी निकट व्यक्तिहरुले अपहरण गरेको हुन सक्ने कुरा प्रत्यक्षदर्शीले टोलीलाई बताएको कुरा टोलीले अपहरणस्थलबाटै जानकारी दिएको छ ।

व्यक्ति अपहरण जोसुकैले जुनसुकै वहानामा गरेको भए पनि यो मानव अधिकारको ठाडो उल्लंघन हो । तसर्थ, अज्ञात समूहद्वारा स्थिति वेपत्ता बनाइएका भनिएका रणबहादुर पाण्डेको अविलम्ब मुक्त गर्न इन्हुरेड सम्बन्धित पक्षसाग जोडदार आग्रह गर्दछ ।

डा. गोपाल कृष्ण सिवाकोटी
अध्यक्ष

GPO Box : 12684, Ktm., Jhamsikhel, Lalitpur-2, Nepal Tel : 977-1-5531896 Fax : 977-1-5547616
Email : info@popwatch.org.np www.inhurednepal.org
Address in US : Office of the UN Representative, 41-42, Elbertson Street, Suite 301, Elmhurst, New York 11377, Tel/Fax : 1-718-4722018